# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

टीकापुर कैलाली
सुदूरपश्चिम प्रदेश

सम्पर्क नं.
नगर प्रमुख : ०९१-५६०३८०
प्रमुख प्र.अ. : ०९१-५६०११८
प्रशासन शाखा : ०९१-५६०

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्वन्धि सूचना।

(प्रथम पटक प्रकाशित मिति :-२०७९/०४/०५।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.सं.२०७९/०८०, च.नं. ३६३ को मिति २०७९/०३/२२ को पत्र तथा यस टीकापुर नगरपालिका पदपूर्ति समितिको मिति २०७९/०४/०४ को निर्णय अनुसार यस नगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्नबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण सहित यस कार्यालयमा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको पाचौं तथा सरह | १ |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव :-

(क) नेपाल सरकारबाट मान्यता प्राप्त सिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ बर्ष ननाघेको,

(ग) आधारभूत कम्प्युटर सीप सम्वन्धि कम्तिमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थान :- टीकापुर नगरपालिकाको कार्यालय, टीकापुर कैलाली।

३. दरखास्त दिने अन्तिम मिति :-सूचना प्रकासित भएको मितिले १५ औं दिन , कार्यालय समय भित्र ,

४. आवेदन दस्तुर :- रु ५०० टीकापुर नगरपालिकाको नेपाल बैंक लिमिटेड शाखा कार्यालय,टीकापुरमा रहेको संचित कोषको खाता नं १०७०३००००४००१००००१ मा वा नगर कार्यपालिकाको कार्यालयको राजश्व उपशाखा मा तोकिएको दस्तुर तिरेको नगदी रसिद ।

५.छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रम को सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातका प्रतिलिपिहरू

(क) नागरिकता

(ख) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र

(ग) चारित्रिक प्रमाणपत्र

(घ) अनुभव भए सोको कागजात

(ङ) तालिमको प्रमाणपत्र

(च) २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा :- स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति समवन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

८. रोजगार सहायक पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः- स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ती मापदण्ड, २०७८ परिच्छेद ३ को ११ मा उल्लेख भए बमोजिम हुनेछ.

नोटः-आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रम को वेबसाइट www.pmep.gov.np र टीकापुर नगरपालिका को वेबसाइट www.tikapurmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत